

सहयात्राको १० एक दशक
सन् २०१३ सन् २०२३

# सामुदायिक विकास समाज

## महिला तथा बाल शसक्तिकरण: स्वास्थ्य तथा सरसफाई परियोजना

नोभेम्वर २०१३-डिसेम्वर २०२३


मन्थली, रामेछाप
९७७-४८-५४०० ५४/५४०३३०
cdsramechhap2058@gmail.com
www.cdsramechhap.org.np

# पृष्ठभूमी

**सामुदायिक विकास समाज, रामेछाप** र **पिएसएफ लक्जेम्वर्ग** साथै **तेरे द जोम्स जर्मनी**सँगको सहकार्यले गौरवमय १ दशक पार गरेको छ । रामेछाप जिल्लाको सुनापति र खाँडादेवी गाउँपालिकामा समुदायको स्वास्थ्य तथा सरसफाईको अवस्थामा दीगो सुधार ल्याउने उद्देश्यका साथ नोभेम्वर २०१३ देखि **महिला तथा बाल सशक्तिकरणः स्वास्थ्य तथा सरसफाई परियोजना** संचालन गरी प्रारम्भ भएको सहकार्य डिसेम्वर २०२३ सम्म आइ पुग्दा १ दशक पुरा भएको छ । रामेछाप जिल्लाको साविकका गाविसहरू राकाथुम, मझुवा र खाँडादेवी हुदै पछिल्लो चरणमा खाँडादेवी गाउँपालिकाको ३ वटा वडाहरू (१, २ र ७) र सुनापति गाउँपालिकाको ५ वटै वडाहरूमा काम गरेको छ ।

परियोजनाले मुलतः महिला, युवा र बालबालिकालाई मुख्य कर्ताको रूपमा संगठित गरी उनीहरू कै सहभागिता, सहकार्य र पहलकदमीमा विभिन्न कामहरू गरिएका थिए । मुख्य गरी यस परियोजनाले निम्न बमोजिम विषयगत कार्यक्षेत्रमा काम गरेको थियोः-

- महिला, बाल र युवा समूह गठन परिचालन
- स्वास्थ्य सेवाको विस्तार, गुणस्तर एवं प्रभावकारिता अभिवृद्धि
- स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धि
- स्वास्थ्य शिविर संचालन
- खानेपानी योजनाहरू निर्माण
- शौचालय निर्माण
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालन
- पोषण सुधार
- सचेतनामूलक गतिविधीहरू
- कोभिड सहयोग

## परियोजनाको कार्यक्षेत्र



# शुभकामना

terre des hommes Germany
Nepal Country Office
Inar Pulchowk, Lalitpur

Phone : +977-15010519
Email: tdhgermany.nepal@gmail.com

terre des hommes
Help for Children in Need

Contact Persons

Ms Ingrid Mendonca
Regional Coordinator
South Asia

Ms Moni Shrestha
Country Coordinator

## Foreword

Three phases of the project Empowering women and children: health and sanitation from 2013 to 2023 in eight wards i.e Khandadevi, Majhuwa, and Rakathum of Khandadevi rural municipality and Dimipokhari, Khaniyapani, Gunsi, Hiledevi and Bethan of Sunapati rural municipality significantly contributed to improve the health and sanitation conditions of those marginalized communities through increased access to safe drinking water and sustainable quality health services at the local level. The project was implemented with financial and technical support from the Luxembourg Ministry of Foreign and European Affairs (MFEA)/ Pharmaciens-sans-frontières Luxembourg (PSFL) and terre des hommes (tdh) Germany respectively. The project was implemented by Community Development Society (CDS) Ramechhap. The project aimed to improve health and sanitation status in 8 wards of 2 rural municipalities in Ramechhap district through strengthening local health institutions and availability of drinking water at household and school level. Specialized health services were accessible through health camps. Children have accessed first aid services in schools by establishing and orientation about first aid in schools. Adolescent girls and boys are sensitized about sexual reproductive health and adolescent health care through sessions in schools. Adolescent girls have facility of changing space and sanitary pads in schools during menstruation. Children, women and youths are organized in groups to access their rights at local level. Women are economically empowered through cooperatives. There was strong collaboration with local governments in both the municipalities in the course of project implementation. Children, youths, women, community people and local stakeholders including institutions like health centres and schools were involved in project implementation. It was evident from concerned stakeholders and beneficiaries that the project was highly relevant to the needs of community people (children, youth, and women).

Finally, I would take this opportunity to thank MFEA, PSF and Sunapati Rural Municipality for providing financial support for executing three phases of the project in two rural municipalities. Special thanks to local government of both rural municipalities for continuous cooperation, CDS team for excellent implementation of the project and local stakeholders and institutions and community people for their support during the implementation of the projects.

TERRE DES HOMMES

Moni Shrestha
Country Coordinator
tdh Germany

Head Office: terre des hommes, Ruppenkampstrasse 11a, D-49084 Osnabrück, Germany
Member of the Terre des hommes – International Federation, Registered at Osnabrück in Germany

---

जि.प्र.का.द.नं.३३२
स.क.प.आ.नं.१२७०४

स्थायी लेखा नं.३०१७५३३८०
गैसस आवद्धता नं.CR-RAM-३१

# सामुदायिक विकास समाज
# COMMUNITY DEVELOPMENT SOCIETY
*Ramechhap, Manthali*

RF. No. /2023

COMMUNITY DEVELOPMENT SOCIETY 2058 Ramechhap, Manthali

## FOREWARD

I am delighted to introduce this compiled report of the **"Empowering Women and Children: Health and Sanitation Project,"** which has been implemented in Khandadevi and Sunapati Rural Municipality of Ramechhap district in Nepal. It is a result of the collective endeavors of our dedicated funding partners **Pharmaciens Sans Frontieres (PSF) Luxembourg**, **Terre des hommes (tdh) Germany**, the **local government of Khandadevi** and **Sunapati**, and the project team of **Community Development Society (CDS)**, Manthali, Ramechhap, Nepal.

**CDS** is a non-profit social service organization, and it is envisioned to be a **Self-reliant, healthy, and equitable society**. Hence, it addresses emerging social issues and the development sector along with Sustainable Development Goal 2030 and the Periodic Plan of Nepal independently and in collaboration with different funding partners and government institutions.

In such a context, CDS has been implementing Community Health, Water and Sanitation (WASH), Child Rights, Women Empowerment, Livelihood Promotion, Economic Development, Agriculture promotion, Climate change and Environment Protection, and Entrepreneurship Promotion projects. Among them, **"Empowering Women and Children: Health and Sanitation Project** has been implemented from 2013 to 2023, which is a milestone to uplift the rural health status of Khandadevi and Sunapati Rural Municipality, Ramechhap, Nepal. Mainly, the project significantly contributed to the strengthening & capacity building of local health institutions and Health personnel, WASH Promotion, School Health Promotion, Small Irrigation, Women Empowerment through Cooperative Campaigns, Youth Club mobilization, and awareness raising of social issues.

Finally, on behalf of CDS, I express my heartfelt gratitude to the PSF Luxembourg, tdh Germany, for a decade of collaboration, and deepest thanks to Khandadevi and Sunapati Rural Municipality for supporting and cooperation with us. Also, thanks to all project staff, beneficiaries (Woman Groups, Cooperatives, Youth Clubs, Schools, and Child Clubs), and board members for direct and indirect support in making the successful journey of the project.

With Best Regards

**Dipak Ghising**
Chairperson
Community Development Society (CDS)
Manthali-1, Ramechhap, Nepal

Devkota Chowk Manthali-1, Tel No. 048-540054, Fax No. 048-540330 www.cdsramechhap.org.np


चाँपस्वरा गाउँघर क्लिनिक भवन
उद्घाटन तथा हस्तान्तरण कार्यक्रम










# भवन निर्माण, औषधी, उपकरण तथा फर्निचर सहयोग


## १२ वटा स्वास्थ्य संस्थाका भवन निर्माणमा सहयोग

- **२** वटा स्वास्थ्य चौकी भवन
- **१** वटा वर्थिङ सेन्टर
- **४** वटा सामुदायिक स्वास्थ्य इकाई
- **५** वटा गाउँघर क्लिनिक

परियोजनाले स्वास्थ्य सेवाको विस्तार साथै गुणस्तर तथा प्रभावकारिता अभिवृद्धिका लागि भौतिक पूर्वाधार विकास, स्वास्थ्य संस्थाहरूलाई आवश्यक औषधी, उपकरण, फर्निचर सहयोग र सामुदायिक स्वास्थ्य इकाई तथा गाउँघर क्लिनिकहरू स्थापनाका लागि सहयोग पुऱ्याइएको थियो । जस अनुसार २ वटा स्वास्थ्य चौकी भवन (राकाथुम र खाँडादेवी), १ वटा वर्थिङ सेन्टर (दिमीपोखरी), ४ वटा सामुदायिक स्वास्थ्य इकाई (मझुवा, मानपुर, गुन्सी र भिरकोट) र ५ वटा गाउँघर क्लिनिक (कोथवे राकाथुम, निगलपानी मझुवा, चाँपश्वरा दिमीपोखरी, चोप्राङ खाँडादेवी र डाँसे खनियापानी) मा भवन निर्माणका लागि सहयोग पुऱ्याएको थियो । त्यसै गरी स्वास्थ्य संस्थाहरूको माग र आवश्यकताको आधारमा स्वास्थ्य संस्थाहरूमा विभिन्न औषधी, उपकरण तथा फर्निचर उपलब्ध गराइएको थियो ।

# स्वास्थ्य शिविर संचालन

परियोजनाले यस अवधी १० वटा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविरहरू संचालन गरिएको थियो । जसमा आँखा परीक्षण तथा उपचार, पाठेघर वा आङ खस्ने, भीआइए परीक्षण एवं उपचार, दन्त परीक्षण, उपचार एवं नयाँ दाँत राख्ने र जनरल शिविरहरू संचालन गरिएका थिए । शिविर मार्फत कूल ११ हजार ५ जना विरामीहरू लाभान्वित भएका थिए । शिविर मार्फत ९ सय ३६ जना मोतियाविन्दुको शल्यक्रिया, १ सय जनाको नयाँ दाँत राख्ने र २१ जनाको पाठेघरको नि:शुल्क शल्यक्रिया गरिएको थियो ।








# क्षमता अभिवृद्धि तथा जनशक्ति विकास



## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका क्षमता विकास तालिम

परियोजना अवधीमा ८ वटा वडाका १ सय ८ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई २ दिने क्षमता विकास तालिमहरू संचालन गरिएको थियो । तालिममा मुख्यतः महिला स्वास्थ्य स्वयंसेविकाको काम, कर्तव्य र भूमिका, स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा सुविधाहरू साथै सामुदायिक महिला स्वयंसेविका सम्वन्धि वैधानिक प्रावधानहरू, पालिकाबाट प्राप्त हुने सेवा सुविधा जस्ता विषय समेटिएका थिए । सामुदायिक महिला स्वयंसेविकाद्वारा प्रदान गर्ने सेवालाई उत्प्रेरित गर्न झोला, टर्च, छाता, पानीको बोतल, डिजिटल थर्मोमिटर उपलब्ध गराइएको थियो ।




## दक्ष प्रसुति सेवा (एसबीए) तालिम संचालन

२४ घण्टे प्रसुती सेवा उपलब्ध स्वास्थ्य संस्थाहरूमा आवश्यक दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले खाँडादेवी र सुनापति गाउँपालिकाका ८ वटा स्वास्थ्य संस्थाहरूमा कार्यरत ८ जना स्वाथ्यकर्मीहरू (नर्स) लाई ६० दिने दक्ष प्रसुति सेवा *(Skilled Birth Attendants, SBA)* तालिम उपलब्ध गराइएको थियो । तालिम पश्चात् प्रसुती सेवाको प्रभावकारीता वृद्धि हुनुको साथै गर्भवती, सुत्केरी तथा नवजात शिशुहरू थप लाभान्वित भएका छन् ।



## स्वास्थ्य संस्थासँग वार्षिक अन्तरक्रिया

स्वास्थ्य संस्थाको व्यवस्थापकीय सुधार, स्वास्थ्य सेवाको प्रभावकारिता र गुणस्तर सुधार, सेवा विस्तार तथा सेवाग्राही मैत्री स्वास्थ्य संस्था बनाउनका लागि सेवाग्राही र सेवा प्रदायक बीच नियमित अन्तरक्रिया संचालन गरिएको थियो । परिणाम स्वरुप स्वास्थ्य संस्थाको व्यवस्थापकीय साथै सेवाग्राहीप्रति गरिने व्यवहारमा सकरात्मक सुधार, पूर्वाधार विकास तथा सुधार एवं औषधी, उपकरण लगायत जनशक्ति थप साथै सेवाको विकेन्द्रिकरण मार्फत गाउँघर क्लिनिक तथा सामुदायिक स्वास्थ्य इकाईको बिस्तार समेत भएको छ ।



# घरघरमा पानी

परियोजनाले खानेपानीको चरम समस्या भोगिरहेका समुदायहरूलाई पाइपद्वारा वितरित खानेपानी सुविधा पुर्‍याउन कूल २० वटा खानेपानी योजना सम्पन्न गरेको थियो । आयोजनाहरू मार्फत कूल १ हजार १ सय ९३ घरधुरीमा खानेपानी सुविधा पुगेको छ भने ७ हजार ८ सय ६ जनसंख्या लाभान्वित भएका छन् । उक्त आयोजनाहरूबाट विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, गुम्वा लगायत लाभान्वित भएका छन् । संचालित आयोजनाहरू मध्ये २ वटा सोलार लिफ्ट, २ वटा विद्युतीय लिफ्ट र बाँकी १६ वटा ग्राभिटी खानेपानी योजनाहरू संचालन गरिएका थिए । संचालित खानेपानी योजनाहरूमा परियोजनाको सहयोगको साथै समुदायको श्रम सहभागिता र गाउँपालिकाहरूको स्रोत साझेदारिता समेत रहेको थियो ।



# पानीको समस्या हट्यो ।

साविकको राकाथुम गाविसको वडा नं. २ पर्ने बेलघारी नेवार समुदायको बस्ती हो । गाविसको पुच्छारमा अवस्थित यो गाउँ सुनकोशी नदिको तिरैमा छ । ४० घर परिवारको बसोबास भएको यस समुदायका मानिसहरू केही समय अघिसम्म सुनकोशी नदी कै पानी खाना वाध्य थिए । के हिउँद, के वर्षा बाह्रै मास सुनकोशी नदिको पानी खानुको विकल्प थिएन । पानी खाने ठाउँ, गाईबस्तुलाई पानी खुवाउने, नुहाउने धुवाउने र लास पोल्ने समेत ठाउँ एउटै थियो । एकातिर पानी फोहोर दुषित त थियो नै बस्ती भन्दा मुनि रहेको नदीबाट दैनिक पानी ओसार्न पनि कठिन नै थियो ।

जब महिला तथा बाल सशक्तीकरणः स्वास्थ्य तथा सरसफाई परियोजना सुरु भयो तब बेलघारी जस्तो पानीको समस्या भोगिरहेका बस्तीहरूमा कसरी खानेपानी सुविधा पुऱ्याउन सकिन्छ भनेर सम्भाव्यता अध्ययन गरी सोलार सिष्टमबाट लिफ्ट गर्न सकिने ठहर भयो । सुरुमा कतिपय मानिसलाई विश्वास पनि थिएन, तल तिर जाने पानी कहाँको माथितिर आउल र ? जब योजना सुरु भयो मानिसहरू उत्साहित भए । समुदायका मानिसहरू एकजुट भएर योजना सफल बनाउन लागि परे । उनीहरूले निर्माण समिति बनाए, खरिद समिति गठन गरे, लेखा समिति, अनुगमन समिति पनि गठन गरे । खरिद समितिले प्राविधिकको परामर्शमा सामाग्री खरिद गऱ्यो, लेखा समितिले हरहिसाब तन्दुरुस्त र व्यवस्थित राख्ने काम गऱ्यो र अनुगमन समितिले काम के कसरी भइरहेको छ भनेर अनुगमन गऱ्यो । नभन्दै ६ महिना भित्र टोल टोलमा धाराबाट पानी झऱ्यो ।

वर्षौंदेखि सुनकोशी नदिको फोहोर पानी खानुपर्ने वाध्यता र दिनहुँ पानी बोक्नु पर्ने पिडाबाट छुटकारा मात्र नभएर जिल्ला मै सोलार सिष्टमबाट बस्तीमुनिको पानी तानेर खाएको नमूना योजना सफल बनाउन सकेकोमा

बेलघारीबासी दंग छन् । अहिले सुनकोशी नदी किनारमा इनार बनाएर सोलार सिष्टमबाट पानी तानेर १० वटा धारा मार्फत टोलटोलमा पानीको व्यवस्था भएको छ । गाउँ नजिकै रहेको विद्यालयमा समेत बालबालिकाहरूलाई खानेपानी सुविधा प्राप्त भएको छ । भर्खरै निर्माण गरिएका शौचालयहरू प्रयोग गर्नमा समेत सजिलो भएको छ । पानीको उपलब्धता भए पश्चात करेसाबारी समेत बनाउन थालेका छन् । हाल आएको परिवर्तन र विगतको अवस्था सम्झदै उपभोक्ता समितका अध्यक्ष मनमाय श्रेष्ठ भन्छिन "पहिला पहिला हिउँदमा त ठिकै हो बर्खामा त धमिलो न धमिलो पानी खानु पर्थ्यो, कहिले त नदीले लास सिनो पनि बगाएर ल्याउँथ्यो हामी मुख छोपेर लास पन्छाएर भए पनि पानी ल्याएर खान्थ्यौं । बस्तुभाउ, नुहाउने धुवाउने, दिसा पिसाबको त कुरै भएन तर अहिले सफा पानी खाना पाउँदा मनै शितल भएको छ ।"


उक्त समुदायका अगुवा एवं सामाजसेवी गणेश बहादुर श्रेष्ठ थप्छन्: "यसरी पानी खाइएला भनेर सपनीमा पनि चिताएको थिएन । यस परियोजनाले नचिताएको कुरा पुऱ्याई दियो । पहिला पानीकै कारण कति मानिस विरामी पर्थे, अहिले इनारबाट तानेको सफा पानीको व्यवस्था भए पछि रोग विरामी पनि कमी हुन्छ ।"

योजनाको बारेमा गाविस स्तरीय सरोकारवाला समेत खुशी छन् । राकाथुम गाविसका राजनैतिक दलका नेता एवं समाजसेवी तेज बहादुर तामाङ पनि हालसम्म राजनैतिक दल, जिविस तथा गाविसले गर्न नसकेको काम परियोजनाले गरेको छ । उनले भने-"स्वच्छ खानेपानी जस्ता आधारभूत सुविधाबाट समेत बञ्चित बेलघारीमा परियोजनाले नयाँ प्रविधी सहित खानेपानी खुवाएकोमा परियोजनालाई स्यावास दिनु पर्छ ।"

उक्त खानेपानी योजनामा कूल २३ लाख ७ हजार ७ सय ६१ रूपैया खर्च भएको थियो । जसमा परियोजनाको योगदान रू. १३ लाख ५२ हजार ४ सय ८४ रूपैया रहेको थियो । खानेपानी लिफ्टका लागि आवश्यक सोलार प्रणाली जडानका लागि Alternative Energy Promostion Centre (AEPC)/ Reginal Renueable Energy Support Centre/ Resource Management and Rural Empowerment Centre (REMREC) रू. ९ लाख ५४ हजार ९ सय ७७ रूपैया बराबरको सोलार प्यानल तथा पानी तान्ने मेशिन र मर्मत सम्भार कोषमा रू. १ लाख १२ हजार ५ सय गरी कूल १० लाख ६७ हजार ४ सय ७७ रूपैया स्रोत साझेदारिता गर्न समेत सफल भएको थियो । खानेपानी योजनाको दीगोपनाका लागि हाल उपभोक्ताहरूले मर्मत सम्भर कोष तथा नीति तयार गरी प्रत्येक घरधुरीले रू. १ सय जम्मा गर्ने गरेका छन् । साथै पम्प तथा खानेपानी योजनाको मर्मत सम्भरका लागि अपरेटर समेत तयार गरिएको छ ।











## खुल्ला दिसामुक्त घोषणा

तत्कालिन अवस्थामा शौचालय नभएका घरहरूमा शौचालय निर्माणका लागि उत्प्रेरित गर्ने उद्देश्यले शौचालय निर्माणका लागि प्यान, पाइप, सिमेन्ट र जस्तापाता समेत प्रदान गरी शौचालय निर्माणका लागि सहयोग गरिएको थियो । परियोजनाले कुल १ हजार १ सय ४४ वटा शौचालय निर्माणको लागि सहयोग पुऱ्याएको थियो । परियोजना अवधीमा परियोजनाका कार्यक्षेत्र रहेका विभिन्न वडाहरू राकाथुम, मझुवा, खाँडादेवी, खनियापानी, बेथान र दिमीपोखरीलाई खुला दिसामुक्त वडा घोषणा समेत भएको छ ।

## सुधारिएको चुल्हो निर्माण

परियोजनाले कूल ८ सय ६८ वटा सुधारिएको चुल्हाहरू निर्माणका लागि सहयोग पुऱ्याएको थियो । तत्कालिन अवस्थामा परम्परागत चुल्होका कारण हुने धुवाँ र धुवाँका कारण मानव स्वास्थ्यमा पर्ने नकरात्मक असरहरूलाई न्यूनिकरण गरी वातावरण संरक्षण साथै भान्सामा लैंगिक सहभागिता समेत अभिवृद्धि गर्ने उद्देश्यले तालिम प्राप्त सुधारिएको चुलो प्रवर्धक तयार गरी सुधारिएको चुल्हा निर्माणका लागि सहयोग गरिएको थियो । परियोजना अवधिमा परियोजनाका कार्यक्षेत्र रहेका करङमरङ मझुवालाई घर भित्रको धुवाँ मुक्त समुदाय समेत घोषणा गरिएको थियो ।

# विद्यालय स्वास्थ्य तथा सरसफाई कार्यक्रम







## ■ वास स्टेशन तथा खानेपानी व्यवस्था

परियोजनाले खानेपानीको सुविधा नभएका वा व्यवस्थित नभएका विद्यालयहरूमा खानेपानी सुविधा पुऱ्याउने उद्देश्यले आवश्यक पाइप, ट्यांकी लगायत आवश्यक सामग्री उपलब्ध गराइएको थियो । १२ वटा विद्यालयहरूमा वास स्टेशन निर्माण साथै खानेपानीको व्यवस्थाका लागि सहयोग पुऱ्याएको थियो । यसका अतिरिक्त विद्यालयहरूमा फिल्टर, वटर डिस्पेन्सर समेत उपलब्ध गराइएको थियो ।

## ■ विद्यालयमा शौचालय निर्माण

परियोजनाले शौचालय नभएका वा भएर पनि पर्याप्त नभएका विद्यालयहरूमा विद्यालयको माग, आवश्यकता बमोजिम २४ वटा विद्यालयहरूमा शौचालय निर्माणका लागि सहयोग पुऱ्याएको थियो । विद्यालयमा अध्यनरत विद्यार्थी संख्या साथै शौचालयको आवश्यकताको आधारमा २ देखि ४ कोठेसम्मका शौचालयहरू निर्माण गरिएको थियो । कतिपय विद्यालयमा छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालय समेत निर्माण गरिएको थियो ।

## ■ विद्यालय घेराबार

परियोजनाले विद्यालयको सुरक्षाका लागि घेराबार सहयोग पुऱ्याएको थियो । विद्यालयमा घेराबार नभएको कारण विद्यालय हातभित्र पशु चौपाय प्रवेश गर्ने साथै विद्यालयमा निर्मित खानेपानी तथा शौचालयको समेत सुरक्षा नहुने देखिएकोले ६ वटा विद्यालयहरूमा विद्यालयहरूको माग र आवश्यकता बमोजिम घेराबारको लागि सहयोग पुऱ्याएको थियो ।



## प्राथमिक उपचार तालिम

विद्यालयमा प्राथमिक उपचार गर्न सकियोस् भन्ने उद्देश्यले परियोजनाको कार्यक्षेत्रमा रहेका १५ वटा (५ वटा आधारभूत र १० वटा माध्यमिक) विद्यालयलाई लक्षित गरी प्राथमिक उपचार तथा मेडिकल डेक्स व्यवस्थापन तालिम संचालन गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रामेछापको प्राविधिक सहयोगमा संचालित उक्त तालिममा प्रत्येक विद्यालयबाट १ जना शिक्षक र १ जना विद्यार्थी गरी कूल २६ जना सहभागी भएका थिए । साथै उक्त सहभागिहरूलाई ३ दिनको थप पुनरताजगी तालिम समेत संचालन गरेको थियो ।



## मेडिकल डेस्क स्थापना

विद्यालयमा हुन सक्ने विरामी एवं घाउ चोटपटकहरूको प्राथमिक उपचार गर्न तथा छात्राहरूको लागि महिनावारीको समयमा महिनावारी प्याड उपलब्ध गराउने उद्देश्य सहित १५ वटा (५ वटा आधारभूत र १० वटा माध्यमिक) विद्यालयलाई लक्षित गरी मोडिकल डेस्कको स्थापना गरिएको थियो । मेडिकल डेस्कमा प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी, उपकरण, डिग्निटी किट लगायत अन्य फर्निचरहरू समेत उपलब्ध गराइएको थियो । जसबाट विद्यालयका विद्यार्थी एवं शिक्षकहरू लाभान्वित भएका छन् ।



## स्वास्थ्य शिविर संचालन

माध्यमिक विद्यालयमा अध्यनरत बालबालिकाहरूलाई लक्षित गरी विद्यालयस्तरीय स्वास्थ्य शिविर संचालन गरिएको थियो । मुख्यतः दाँत, आँखा, छाला तथा अन्य रोगहरूसँग सम्वन्धित विशेषज्ञ डाक्टरहरू सहित संचालित स्वास्थ्य शिविरबाट १ हजार ३ सय ९८ जना विद्यार्थीहरू (छात्रा ६८९ र छात्र ७०९) लाभान्वित भएका थिए । स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षण गरी स्वास्थ्य समस्याको आधारमा आवश्यक औषधीहरू निशुल्क उपलब्ध गराउनुका साथै स्वास्थ्य परामर्श समेत दिइएको थियो ।



## प्रजनन् स्वास्थ्य तथा मर्यादित महिनावारी तालिम

विद्यालयमा अध्यायनरत किशोर-किशोरीहरूलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सम्वन्धी मासिक कक्षा संचालन गरिएको थियो । त्यसै गरी मर्यादित महिनावारी सम्वन्धी तालिम समेत संचालन गरिएको थियो । तालिममा १० वटा माधयमिक विद्यालयका ४ सय ६६ जना छात्राहरू सहभागि भएका थिए । तालिममा मर्यादित महिनावारी सम्वन्धी अवधारणा, महिनावारीको समयमा ध्यन दिनु पर्ने कुराहरू, भ्रम र वास्तविकता लगायतका विषयहरू समेटिएका थिए ।

# सिंचाई पोखरी निर्माण

परियोजनाले खानेपानी योजना संचालन गरेका समुदाय लगायत पानीको स्रोत भएका अन्य समुदायहरूमा पानी संकलन गरी घरकरेसाबारी लगायत जग्गा सिंचित गर्ने साथै तरकारी खेती प्रवर्द्धन गर्ने उद्देश्यले व्यक्तिगत तथा सामुहिक पानी संकलन पोखरी निर्माणमा सहयोग पुऱ्याएको छ । परियोजना यस अवधीमा १ सय ४ वटा व्यक्तिगत र १३ वटा सामुहिक पोखरी निर्माण गरिएको थियो । जसबाट ३ सय ६४ जना कृषकहरू लाभान्वित भएका छन् ।





# करेसाबारी प्रवर्द्धन

करेसाबारी प्रवर्द्धन तथा पोषणमा सहयोग गर्ने उद्देश्यले परियोजनाले १ सय ४७ वटा महिला समूहहरूलाई २ दिने करेसाबारी प्रवर्द्धन तथा आधार भूत पोषण तालिम संचालन गरिएको थियो । तालिम पश्चात् मौसमी तथा बेमौसमी अनुसार विभिन्न प्रजातिका तरकारीका विउविजन समेत उपलब्ध गराइएको थियो । तालिममा २ हजार ९ सय ४० जना महिलाहरू सहभागि भएका थिए । करेसाबारीमा उत्पादित अर्गानिक, ताजा र पोषणयुक्त तरकारी उत्पादन उपभोग गरी आम्दानी समेत गरेका छन् ।

# सचेतनामुलक गतिविधीहरू







## सरसफाई अभियान

गाउँपालिकालाई पूर्ण सरसफाई युक्त बनाउने उद्देश्यले व्यक्तिगत, घरयासी र सामुदायिक सरसफाईका विभिन्न अभियानहरू संचालन गरिएका थिए । साथै पालिका, वडा र विद्यालय स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति गठन, परिचालन साथै पालिका स्तरीय रणनैतिक योजना तर्जूमाका लागि कार्यशाला समेतमा सहयोग पुऱ्याएको थियो । परिणाम स्वरूप सुनापति गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (वास) योजना तय भएको छ ।

## दिवसहरू आयोजना

परियोजनाले सचेतना अभिवृद्धिका लागि अन्तराष्ट्रिय नारी दिवस, राष्ट्रिय/अन्तर्राष्ट्रिय बाल दिवस, युवा दिवस, लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस, विश्व स्वास्थ्य दिवस, अन्तर्राष्ट्रिय युवा दिवस, स्तनपान सप्ताह र विश्व वातावरण दिवसहरू मनाएको थियो । दिवसहरूमा ३१ हजार ३ सय ०१ जना सहभागी भएका थिए ।

## प्रकाशन तथा प्रशारण

परियोजनलो सचेतनामुलक विभिन्न पोष्टर, क्यालेण्डर प्रकाशन साथै होर्डिङ वोर्डहरू स्थापना र स्थानीय रेडियोहरू मार्फत कार्यक्रमहरू प्रशारण गरिएको थिए । जसमा स्वास्थ्य, सरसफाई, महिला तथा बाल शसक्तिकरण, वातावरण संरक्षण, यौन तथा प्रजनन् शिक्षा, मर्यादित महिनावारी पूर्ण सरसफाई आदि विषय समेटिएका थिए ।

# कोभिड सहयोग











विश्वव्यापी कोभिड-१९ को महामारीको समयमा कोभिड नियन्त्रण, रोमथाम तथा उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले २ वटा गाउँपालिकाका स्वास्थ्य संस्थाहरू लगागत समुदायलाई कोभिडजन्य स्वास्थ्य सामग्री सहयोग गरिएको थियो । परियोजनाले २४ स्वास्थ्य संस्था (खाँडादेवी १३ र सुनापति ११) २ वटा अस्थायी कोभिड अस्पताल तथा आईसोलेसन सेन्टरका लागि अक्सिजन कन्सेन्ट्राटर, अक्सिजन सिलिण्डर, पिपीइ सेट, एन्टिजेन्ट ऱ्यापिड किट, अक्सिमिटर, इन्फ्रेरेड थर्मोमिटर, पञ्जा, माक्स, सेनिटाइटर लगायतका स्वास्थ्य सुरक्षा सामग्री, औषधी उपकरण सहयोग गरेको थियो । त्यसै गरी समुदायमा विद्युतीय जग, च्यवनप्रास, मास्क, स्यानिटाइजर, साबुन आदि उपलब्ध गराउनुका साथै विभिन्न सचेतनामूलक गतिविधीहरू समेत संचालन गरेको थियो ।

# संस्थागत विकास

परियोजनाले परियोजना अवधिमा भए गरेको कामहरूको दीगो निरन्तरताका लागि महिला सहकारीको दर्ता स्थापना मार्फत संस्थागत विकासको प्रयास गरिएको थियो । हाल परियोजनाको कार्यक्षेत्र रहेको सबै वडाहरूमा महिला सहकारीहरू स्थापना भएका छन् । ८ वटा सहकारीमा १ हजार ७ सय ५२ जना महिलाहरू संगठित भएका छन् । ८ वटा सहकारीमा हाल १ करोड ७३ लाख ९० हजार ६ सय ४९ रूपैया कारोबार रहेको छ । यसका अतिरिक्त पालिका स्तरीय बाल संजाल र पालिका स्तरीय युवा संजाललाई सम्बन्धित पालिकामा आवद्धता गरिएको छ ।




| सहकारीको नाम | ठेगाना | सदस्य संख्या | कारोवार रकम |
|---|---|---|---|
| जागरण महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | गुन्सी | १३० | ६१७३३६ |
| मिलिजुली महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | दिमीपोखरी | १८० | ८६६९२० |
| दिदीबहिनी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | हिलेदेवी | १३० | ७३०९०० |
| जनचेतना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | बेथान | ५४ | ५९८९७५ |
| सचेतना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | खनियापानी | ३२५ | ४६९९८५५ |
| सकृय महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | खाँडोदेवी | ३१८ | २५६३२८५ |
| जन्मभूमी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | राकाथुम | ३५७ | ४९४७०२३ |
| एकता महिला बचत तथा ऋण सहकारी संस्था लिमिटड | मझुवा | २५८ | २३६६३५५ |
| | जम्मा | १७५२ | १७३९०६४९ |

# समन्वय तथा सहकार्य

परियोजनाका गतिविधि, समस्या तथा सिकाईहरूका बारेमा छलफल गरी भावि रणनीति तथा कार्ययोजना तय गर्न पालिका स्तरीय परियोजना सल्लाहकार समितिको नियमित बैठक बस्ने गरिएको थियो । पालिका तथा सरोकारवालासँगको समन्वय र सहकार्यबाट सुधारात्मक पक्षहरू, महत्वपूर्ण सल्लाह सुझाव, पृष्ठपोषण समेत लिइ परियोजनालाई थप प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह भएको थियो। पनलिका तथा सरोकारवालासँगको समन्वय तथा सहकार्यबाट पूर्वाधार विकास, स्वास्थ्य र सरसफाई, संस्थागत विकास एवं विभिन्न अभियानहरू सहज रूपमा सम्पन्न भएका थिए ।










# परियोजना अनुगमन

परियोजनाले गरेका काम तथा गतिविधिहरूको सरोकारवालाहरूद्वारा अनुगमन गर्ने गरिएको थियो । अनुगमनबाट प्राप्त सल्लाह, सुझाव र पृष्ठपोषणले संचालन गरिने परियोजनालाई सहयोग र समर्थन पुगेको थियो । सरोकारवालालाई परियोजनाका गतिविधि प्रत्यक्ष अवलोकन गराइ पृष्ठपोषण लिने उद्देश्यले अनुगमन तथा भ्रमण गरिएका थिए । दातृ निकाय, पालिका स्तरीय परियोजना सल्लाहकार समिति, सम्बन्धित सरोकारवालाहरूबाट अनुगमन गर्ने गरिएको थियो । त्यसका साथै परियोजनाका गतिविधीहरूलाई पारदर्शी र जवाफदेही बनाउन एवं गुनासा, जिज्ञासालाई सम्बोधन गर्ने सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, आयोजना सूचना पाटी स्थापना समेत गर्ने गरिएको थियो ।

# तथ्य र तथ्यांक

**१०४**
महिला समूह

**८**
वटा युवा संजाल

**६५**
बालक्लबहरू

**३१**
वटा विद्यालयहरू

**२४**
स्वास्थ्य संस्थाहरू

**११**
स्वास्थ्य शिविर संचालन

**९३६**
मोतियाविन्दु शल्यक्रिया

**२१**
आङ खस्ने (पाठेघर) शल्यक्रिया

**१०८**
ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविका

**१६**
प्रकारका तालिम संचालन

**२०**
खानेपानी योजना

**१,१९३**
घरधुरीमा खानेपानी

**८६८**
सुधारिएको चुलो निर्माण

**१,१४४**
घरधुरी शौचालय निर्माण

**१०४**
व्यक्तिगत र १३ वटा सामुहिक सिंचाइ कुलो र सिंचाई पोखरी निर्माण

**८**
सहकारी दर्ता स्थापना

# छापामा परियोजना







परियोजनाका कर्मचारीको साथमा दातृ निकायका प्रतिनिधिहरू ।

जनप्रतिनिधिहरूलाई सहयोगका लागि सम्मान ।










युवा तथा बालबालिकाद्वारा प्रदर्शित नाटकको दृष्य ।




अध्यायन भ्रमणको क्रममा महिला सहकारीका पदाधिकारीहरू ।



मोतियाबिन्दुको शल्यक्रिया पश्चात् ।






सुनापति गा.पा. स्तरीय युवा संजालका पदाधिकारीहरू ।



दातृ निकायका प्रतिनिधिलाई स्वागत गर्दै महिला समूह ।




WORKING TOGETHER
CDS

terre des hommes
Help for Children in Need

LUXEMBOURG
PHARMACIENS SANS FRONTIERES ®

GRAND-DUCHÉ DE LUXEMBOURG
Ministére des Affaires étrangéres
Direction de la coopération au développement